# नगर प्रमुख उद्यमिशलता प्रवर्द्धन कोष संचालन कार्यविधि,२०७६

**नगर कार्यपालिकामा पेश मिति :- २०७६।१०।२६**

## १. प्रस्तावना :

रत्ननगर नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममा आर्थिक, सामाजिक, सांस्कृतिक रुपले पछाडी परेका वर्ग र समुदायको श्रम, सीप, नेतृत्व र कौशल विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरी राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता सुनिश्चित गर्न, युवाहरुको आर्थिक उन्नति, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गर्न नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कोष कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

राष्ट्र निर्माणको आधारस्तम्भका रुपमा रहेका युवा वर्गलाई आधुनिक सीप र प्रविधियुक्त गराई युवा सहभागिता, परिचालन र व्यवसायिक विकासको माध्यमबाट देशको सामाजिक र आर्थिक परिवर्तनका लागि अनुकूल वातावरण निर्माण गर्ने उद्देश्यले युवाको क्षमता विकासको माध्यमबाट उनीहरुलाई उद्यमी, स्वरोजगार उन्मुख र आत्मनिर्भर बनाउन, युवाहरुलाई विकासको मूलधारमा समावेश गर्न, युवाहरुमा कामप्रति सकारात्मक सोंचको विकास गराउन र उद्यमशिलतालाई प्रवर्द्धन गर्नका लागि नगरपालिकाले नगर प्रमुख उद्यमिशलता प्रवर्द्धन कोष संचालन कार्यविधि,२०७६ बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "नगर प्रमुख उद्यमिशलता प्रवर्द्धन कोष संचालन कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क)"कोष" भन्नाले नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कोष सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले रत्ननगर नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले रत्ननगर नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिका सम्झनु पर्दछ ।

(ङ) "युवा" भन्नाले सोह्र वर्ष देखि चालीस वर्षसम्मको उमेर भएको युवा वर्गलाई सम्झनु पर्दछ ।

(च) "उद्यम" भन्नाले जीविकोपार्जन वा आयआर्जनका लागि गरिने सिर्जनात्मक आर्थिक क्रियाकलाप वा व्यवसाय वा उद्योगलाई सम्झनु पर्दछ।

(छ) "समूह" भन्नाले उद्यम सञ्चालन गर्नका लागि निर्माण भएको कम्तीमा ३(तीन) युवाहरुको समूह सम्झनुपर्दछ र युवाहरु एकाघरको परिवारबाट हुन पाइने छैन ।

## ३. आवश्यक न्यूनतम पेश गर्नुपर्ने कागजातहरू :

(क) स्थानीय तहमा संस्था, समूह वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) संस्था, समूह वा व्यवसायको मालिक/आवद्ध युवा सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरू,

(ग) समूहको हकमा समूहको निर्णय प्रतिलिपि,

(घ) व्यक्तिको हकमा सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ)व्यवसायिक कार्ययोजना,

(च) सम्बन्धित वडा कार्यालयबाट कर्जा प्रवाहका लागि गरिदिएको सिफारिस ।

## ४. कोषको स्थापना

(क) नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कोषको नामले नगर समितिबाट तोकिएको बैङ्क तथा वित्तीय संस्थामा कोषको स्थापना गरिने छ ।

(ख) कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

- नगरपालिकाको नगर सभाबाट विनियोजित रकम,
- कोषको कर्जा प्रवाह तथा असूलीबाट प्राप्त हुने सांवा व्याजको रकम,
- कुनै स्वदेशी व्यक्ति, सरकारी वा गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम,
- कुनै विदेशी सरकार, अन्तराष्ट्रिय संस्था वा निकाय वा व्यक्तिबाट अनुदान चन्दा सहयोग स्वरुप प्राप्त रकम ।

तर विदेशी सरकार, अन्तराष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसंग आर्थिक श्रोत लिनु अघि कोषले नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

## ५. कार्यक्रम कार्यान्वयनका लागि संरचनात्मक व्यवस्था

नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कोषरत्ननगर नगरपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक निती तथा कार्यक्रम रहेको छ । यस कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालासँग समन्वय गर्न तथा नीतिगत मार्गदर्शन प्रदान गर्नको लागि देहायबमोजिमको नगर समिति गठन गरिनेछ ।

### ५.१ नगर समितको गठन

कार्यक्रमको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्न देहायबमोजिमको एक नगर समिति गठन हुनेछ :

| | |
|---|---|
| - नगर प्रमुख, रत्ननगर नगरपालिका | - संयोजक |
| - नगर उप–प्रमुख, रत्ननगर नगरपालिका | - सदस्य |
| - संयोजक, आर्थिक विकास समिति, रत्ननगर नगरपालिका | - सदस्य |
| - संयोजक, सामाजिक विकास समिति, रत्ननगर नगरपालिका | - सदस्य |
| - नगर कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना नगर सभा सदस्य | - सदस्य |
| - आर्थिक प्रशासन शाखा प्रमुख, रत्ननगर नगरपालिका | - सदस्य |
| - प्रमुख प्रशासकिय अधिकृत, रत्ननगर नगरपालिका | - सदस्य सचिव |

पेश भएको कार्ययोजनासँग सम्बन्धित शाखा प्रमुखलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

### ५.२ नगर समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कार्यक्रमलाई नीतिगत मार्गदर्शन दिने,

(ख) बार्षिक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने मन्त्रालयहरू, विभागहरू, कार्यालयहरू, तालिम प्रदायक संघसंस्थाहरू आदि निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कार्य गर्ने,

(घ) कर्जा मागको लागि वडा कार्यालयमार्फत प्राप्त निवेदनहरुको छानवीन गरी विपन्न अवस्था देखिएका उपयुक्त देखिएका व्यक्ति समूह, संस्थाको प्रस्ताव स्वीकृत गर्ने,

(घ) स्विकृत भएका प्रस्तावहरुमा कर्जा प्रवाहका लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित शाखामा निर्देशन दिने,

(ङ) उद्यम स्थापना विकास विस्तार तथा प्रवर्द्धन गर्ने तर्फ आकर्षित गर्न प्रचार प्रसार गर्ने, वडा कार्यालयहरु मार्फत निश्चित संख्यामा प्रस्तावहरु पेश गर्न सार्वजनिक सूचना प्रवाह गर्ने, (समितिले सम्बन्धित वडामा गरि घर परिवारको संख्याको आधारमा भार तोक्न सक्ने)

(च) कर्जा प्रवाह तथा असूलीको निरिक्षण, अनुगमन तथा मुल्याङ्कन गर्ने वा गर्न लगाउने र प्राप्त प्रतिवेदनको आधारमा आवश्यकता अनुसार सुझाब तथा निर्देशन दिने,

(छ) कर्जा प्रवाह तथा असूली सन्तोषजनक नदेखिएको वडामा कर्जा प्रवाह गर्न पुनरावलोकन गर्ने रोक्का गर्ने, वन्द गर्ने वा अन्य आवश्यक कारवाही गर्ने,

(ट) कोषबाट कर्जा प्रवाह गर्ने रकमको सिमा बढाउने वा घटाउने,

(ठ) कोष संचालन वा व्यवस्थापनको लागि आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

(ड) कर्जा असुली तथा लगानी गर्नको लागि बैकसंग समन्वय गर्ने,

(ढ) कर्जा प्रवाह गर्ने अनुमती पाएको बैकले सम्झौता बमोजिम काम गरे नगरेको सम्बन्धमा निरिक्षण गर्ने र आवश्यकता अनुसार बैंकलाई सुझाब दिने, नगरपालिकाले उद्यमीद्वारा उत्पादित सामग्रीहरूको बिक्रि केन्द्रहरूको स्थापना तथा बजार प्रबर्द्धन गर्ने व्यवस्था मिलाउने,

(ण) कार्यक्रमको आवधिक समीक्षा र मूल्याङ्कन गर्ने,

(त) कोषबाट भएको कर्जा प्रवाह, असुली लगायतका अन्य काम कारबाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्ने ।

**५.३ बैठक सञ्चालन सम्बन्धी व्यवस्था :**

(क) समितिको बैठक कम्तीमा प्रत्येक महिनामा बस्नेछ ।

(ख) समितिको बैठक रत्ननगर नगर कार्यपालिकाको कार्यालयमा बस्नेछ ।

(ग) समितिको बैठकमा ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) अध्यक्षको अनुपस्थितिमा समितिको बैठक नगर उप–प्रमुखले अध्यक्षता गर्नेछ ।

**६. सम्बन्धित शाखाको काम, कर्तव्य र अधिकार :**

(क) द्वन्द्व प्रभावित, अति विपन्न, दलित, आदिवासी, जनजाती, मधेसी, पिछडा वर्ग, तथा मुस्लिम वर्गहरुलाई प्राथमिकताका साथै लक्षित कार्यक्रम मार्फत उद्यमशीलता, सशक्तिकरण, रोजगारीमुलक, सीप विकास तथा क्षमता अभिवृद्धिको पहिचान गर्ने,

(ख) युवाका लागि उद्यमशिलता सम्बन्धी तालिमको आवश्यकता पहिचान गरी प्राथमिकीकरण गर्ने,

(ग) कार्यक्रम सञ्चालनका लागि नगर समितिसँग समन्वय गरी आवश्यकताका आधारमा कमजोर, आर्थिक सम्भावित अवस्था भएका उद्यमीलाई तालिम प्रदायक संस्थामार्फत तालिम संचालन गर्ने, अनुगमन तथा मुल्याङ्कन गर्ने, सो को लागि नगर कार्यपालिका/नगर सभाबाट बजेट विनियोजनका लागि अनुरोध गर्ने,

(घ) तालिम प्राप्त सहभागीहरू मध्येबाट के कति जनाले रोजगारी प्राप्त गरेका छन् सोको विवरण राख्ने,

(ङ) लक्षित वर्गबीच उद्यम सञ्चालन गर्न आवश्यक विवरण माग गर्ने, कर्जा माग सम्बन्धि स्विकृत भएका प्रस्तावहरुको बारेमा सम्बन्धित बैंक तथा वित्तिय संस्थालाई जानकारी गराउने,

(च) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असूलीको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(छ) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असूली सन्तोषजनक नदेखिएमा नगर समितिलाई जानकारी गराउने,

(ज) कर्जा लगानी तथा असूलीको प्रगती विवरण मासिक रुपमा नगर समितिमा पेश गर्ने,

(झ) नगर समितिको निर्देशन बमोजिम अन्य कार्यहरू गर्ने ।

**६. सम्बन्धित वडाको काम, कर्तव्य र अधिकार :**

(क) एउटा बस्तीमा १६ देखि ४० वर्ष उमेर भित्रका पिछडिएको, दलित, मधेसी, मुस्लिम आदि वर्ग र जाति मध्येबाट कम्तिमा ३(तीन) जना युवाहरू पहिचान, छनोट गरी समूह दर्ता गरि सिफारीस गर्ने,

(ख) कर्जाका लागि उपयुक्त देखिएका बेरोजगार युवा, एकल महिला वा विपन्न परिवारका व्यक्ति, समूह, संस्थालाई कर्जा प्रवाह गरीदिन समितिलाई सिफारिस गरीदिने,

(ग) प्रवाह भएका कर्जा उदेश्य अनुरुप खर्च भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने,

(घ) प्रवाह भएको कर्जा समस्याग्रस्त देखिएमा तुरुन्त नगरपालिकालाई जानकारी गराउने ।

**७. नगर प्रमुख उद्यमशिलता प्रवर्द्धनकोष सञ्चालन विधि :**

(क) तालिम प्राप्त गरेका/नगरेकाव्यक्ति, समूह तथा संस्थालाई उद्यम संचालनका लागि प्रति व्यक्ति/समूह/संस्था रू.५०,०००।- देखि रु. २,००,०००।- सम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थामार्फत उपलब्ध गराइनेछ। बैंक तथा वित्तीय संस्थासँग सम्झौता नभएसम्मका लागि नगर समितिबाट स्वीकृत भएका प्रस्तवाहरुको लागि कार्यालयले सम्बन्धित व्यक्ति, समूह तथा संस्थाको खातामा कर्जा रकम उपलब्ध गराउनेछ ।

(ख) व्यक्ति/समूह/संस्थालाई उपलब्ध गराइएको कर्जा रकम दुई वर्षको लागि उपलब्ध गराइनेछ ।

(ग) कर्जाको व्याजदर ५ प्रतिशत कायम गरीनेछ ।कर्जा लगानी तथा असूलीमा सहजीकरण गर्ने बैंक तथा वित्तीय संस्थालाई जम्मा व्याज आम्दानीको २ प्रतिशतले हुन आउने रकम उपलब्ध गराइनेछ ।

(घ) उपलब्ध गराईएको कर्जाको छ महिनासम्ममासिकरुपमा व्याज मात्र लिइनेछ र बाँकि एक वर्ष छ महिनाको सावा र व्याज समेत असुल उपर हुने गरी समान किस्ताको मासिक भुक्तानी तालिका बनाइनेछ ।

(ङ) उद्यम संचालनका लागि प्रदान गरिएको ऋृण रकम तोकिएको उद्यममा लगानी नगरी हिनामिना गरेको पाइएमा प्रचलित कानून वमोजिम असुलउपर गर्ने व्यवस्था मिलाइनेछ ।

**८. बैंकको दायित्व**

(क) ऋृण प्रवाहको लागि तमसुक, प्रमिसरी नोट लगायतका अन्य आवश्यक कागजातहरु तयार गर्ने,

(ख) कार्यालयको पत्रसाथ कर्जा भुक्तानी माग गर्ने सम्बन्धित संस्थाको आधिकारीक व्यक्तिलाई कर्जा रकमको बीमा गर्न आफैले सहजीकरण गरेर बीमा गराई स्वीकृत कर्जाको रकम भुक्तानी दिने,

(ग) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गरी कर्जा लिएका संस्थालाई आवश्यकतानुसार सुझाब दिने,

(घ) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा सम्बन्धित शाखामा जानकारी गराउने,

(ङ) कोषबाट लिएको कर्जाको भुक्तानी तरिका र तालिका बनाई कर्जा लगानी तथा असुलउपर गर्ने ।

**९. प्रोत्साहन दिन सकिने**

सम्बन्धित व्यक्ति, समूह वा संघले निर्धारित समयभित्र कोषबाट लिएको कर्जाको सांवा व्याज भुक्तानी गरेमा त्यस्ता उद्यमीहरुलाई व्याजको ३०(तीस) प्रतिशत रकम छुट दिइनेछ ।

**१०. लेखापरिक्षण :**

कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट गरिनेछ ।

**११. अनुगमन तथा मुल्याङ्कन :**

सञ्चालित कार्यक्रमको नियमित तथा आकस्मिक अनुगमन र मूल्याङ्कन नगर समितिले गर्नेछ । तर आवश्यकता अनुसार कार्यपालिकाले कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

**१२. व्याख्या गर्ने अधिकार :**

यो कार्यविधिमा भएको कुनै कुरा अस्पष्ट भएमा नगर समितिले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउने :**

यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा रत्ननगर नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

आवेदन फारमको नमुना

मिति : ........................

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू
रत्ननगर नगरपालिका कार्यलय
रत्ननगर, चितवन ।

विषय : प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा रत्ननगर नगरपालिका अर्न्तगत संचालन भईरहेको नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कोष अनुसार ............................................................ उद्योग संचालनको लागि कर्जा उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा .......................................... प्रस्ताव र अनुसूचीहरुमा उल्लेख भए बमोजिमका कागजात सहित जम्मा रकम रु ............................ (अक्षेरुपी .................................................) को व्यवसायिक योजना तयार गरी आवश्यक कागजात सहित अनुदान रकमको लागि प्रस्ताव पेश गरिएको व्यहोरा अनुरोध गर्दछु/छौं ।

संलग्न कागजातहरु :

(क) उद्योग/व्यवसाय दर्ताको प्रमाण पत्र
(ख) वडा कार्यालयको समूह दर्ता कागजात
(ग) वडा कार्यालयको सिफारिस
(घ) संचालन तथा समुह सदस्यहरुको नागरिकताको प्रतिलिपि
(ङ) अपाङग, दलित, जनजाती भए सम्बन्धित निकायको सिफारिस
(च) प्रस्तावले कुल स्वीकृत प्रस्तावको कम्तीमा स्वः लगानीको प्रतिवद्धता पत्र
(छ) व्यवसायीक योजना

दस्तखतवालाको
नाम :
संस्था/समूहको नाम :
संस्था/समूहको छाप :
मिती :
दस्तखत :

अनुसूची २

व्यवसायीक योजनाको नमुना
उद्योग/व्यवसाय सम्बन्धी विवरण

**खण्ड १:उद्योग/व्यवसायको साराशं**

| | |
|---|---|
| उद्यमको नाम : | |
| उद्यमको प्रकार : | |
| आवेदकको नाम : | |
| ठेगाना : | |
| सम्पर्क व्यक्ति : | |
| ठेगाना : | |
| फोन/मोवाईल नं | |
| उद्यम दर्ता वर्ष र दर्ता नं : | |
| मु.अ.कर/स्था.ले.नं. र दर्ता वर्ष : | |
| बैंक खाता विवरण | बैंकको नाम :<br>ठेगाना :<br>खाता नं. :<br>खाता संचालकको नाम : |
| आवेदकको परिचय तथा अनुभव : | अनुभव र योग्यता सम्बन्धि विवरण यहाँ उल्लेख गरी कागजातहरु अनुसुचीमा संलग्न राख्ने । |
| उद्यमको सारसंक्षेप : | |
| लागत ईष्टिमेट : | अनुसूचीमा संलग्न राख्ने |
| जम्मा लागत रु : | |
| कर्जा माग रु : | |
| स्वलगानी रु : | |
| उद्यम संचालन स्थल : | जिल्ला :<br>नगरपालिका :<br>वार्ड नं :<br>स्थान : |
| उद्यमको प्रमुख उद्देश्य : | (१)<br>(२)<br>(३)<br>(४) |

| | |
|---|---|
| उद्यमको प्रमुख क्रियाकलाप | (१)<br>(२)<br>(३)<br>(४) |

**खण्ड २ : उद्यमको विवरण**

<table>
<tr><td colspan="2">समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु</td></tr>
<tr><td colspan="2">उद्यमको प्रमुख समस्या तथा अवसरहरु तथा तिनमा आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउँछ र अवसरहरुको उचित उपयोग गर्दछ ।</td></tr>
<tr><td>समस्याहरु</td><td>अवसरहरु</td></tr>
<tr><td>(१)<br>(२)<br>(३)<br>(४)<br>(५)</td><td>(१)<br>(२)<br>(३)<br>(४)<br>(५)</td></tr>
<tr><td colspan="2">प्रस्तावित क्रियाकलापहरु</td></tr>
<tr><td colspan="2">क्रियाकलाप १ :<br>क्रियाकलाप २ :<br>क्रियाकलाप ३ :<br>क्रियाकलाप ४ :</td></tr>
<tr><td colspan="2">नतिजा र प्रतिफल</td></tr>
<tr><td>प्रतिफलका सूचकहरु</td><td>लक्ष्य</td></tr>
<tr><td>उत्पादन</td><td>................ संख्या .................. टन</td></tr>
<tr><td>उन्नत प्रविधि, कच्चा पदार्थ, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग</td><td>मुख्य मुख्य मेशिन औजार र प्रकार तथा कच्चा पदार्थको परिमाण र प्रकार क्षमता उल्लेख गर्ने</td></tr>
<tr><td>बिक्री परिमाण वृद्धि</td><td>.............</td></tr>
<tr><td>आम्दानी वृद्धि</td><td>रु .............. प्रति वर्ष</td></tr>
<tr><td>रोजगार वृद्धि</td><td>............... जना स्वरोजगार<br>............... जना वर्ष भरि रोजगार<br>............... जना आंशिक रोजगार</td></tr>
</table>

**पूर्वाधार डिजाईन तथा ईष्टिमेट :**

उद्यमको कार्यान्वयनको हकमा भौतिक पुर्वाधारको निर्माणको हकमा उपयुक्त डिजाईन, लेआउट तथा लागत ईष्टिमेट तयार गर्ने । (सो कार्यको लागि रत्ननगर नगर कार्यपालिकाको कार्यालयको पूर्वाधार विकास शाखाले सहयोग गरीदिन सक्नेछ ।)

**जोखिम व्यवस्थापन :**

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृती | व्यस्थापन रणनिती |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारिकण | | | |